परिच्छेद ३

कर्मचारी व्यवस्थापन

६) कर्मचारी नियूक्ती (१) एम्बुलेन्स संचालनका लागि तोकिए वमोजिमको योग्यता र अनुभवको आधारमा एक जना सहायक चौथो तहको स्वास्थ्यकर्मी र  एक जना हलुका सवारी चालक (प्रथम तह) सेवा करार वा ज्यालादारीमा भर्ना गर्न सकिनेछ ।

२) स्वास्थ्यकर्मीको सेवा तथा शर्तहरु(१) सहायक चौथो तहको अनमी/अहेवले पाउने न्यूनतम तलव स्केलमा नबढ्ने गरि सेवा सुविधा पाउने छ ।

३) सवारी चालकको सेवा तथा शर्तहरुः (१) एम्वुलेन्स चालकले हलुका सवारी चालकले पाए सरहको सुविधा पाउनेछ । तलव बाहेक एम्वुलेन्स संचालन भएको अवधिमा रात्रिकालिन सेवा वापत प्रति रु. १०० का दरले थप भत्ता पाउनेछ । एम्वुलेन्स चालकको पारिश्रमिक र अन्य सुविधा एम्वुलेन्स संचालन कोषबाट व्यहोरिनेछ । यसका लागि गाउँपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन

७) आचरणः एम्बुलेन्स चालकले देहाय वमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

१) एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख र संरक्षण गर्ने ।

२) एम्वुलेन्स संचालन भएको अवधि र खपत भएको इन्धन अभिलेख दुरुस्त राख्ने । प्रत्येक सात सात दिनमा जम्मा भएको रकम गाउँपालिकाको एम्बुलेन्स संचालन कोष खातामा जम्मा गर्ने ।

३) एम्बुलेन्स संचालन गर्ने अनुमति भएको ठाँउ भन्दा अन्यत्र संचालन गर्दा समितिको पूर्व स्वीकृती लिएरमात्र संचालन गर्ने ।

४) एम्बुलेन्सको नियमित सरसफाइ, चेकजाँच गरी अध्यावधिक राख्ने र मर्मतका लागि सम्वन्धित शाखामा सूचना गर्ने ।

५) सवारी संचालनका क्रमा हुन सक्ने संभावित दुर्घटना र जोखिम उपर पूर्व सावधानी अपनाउने ।

६) एम्वुलेन्स संचालन तथा वीमा सम्वन्धमा समय समयमा आर्थिक प्रशासन शाखामा जानकारी गराउने

७) समय समयमा एम्वुलेन्स संचालन समिति एवं प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन वमोजिम गर्ने ।

८) अवकाश दिन सकिनेः कार्य सम्पादन सन्तोषजनक नभएमा कार्यालयले जुनसुकै बखत करार सम्झौता भंग गर्न सकिनेछ ।

९) संचालनको विधिः एम्बुलेन्स संचालनको लागि गाँउपालिका आफैले गर्ने वा संस्था मार्फत गर्ने भन्ने विधि दफा ५ बमोजिमको समितिको सिफारिसमा गाँउ कार्यपालिकाको निर्णयानुसार तय हुनेछ ।

१०. एम्वुलेन्सको भाडा दर निर्धारण

१) एम्वुलेन्स संचालन समिति, कालिकोटबाट निर्धारण भएको दररेटको आधारमा समयानुल र भौगोलिक विकटताका आधारमा कार्यपालिकाको सिफारिसमा गाँउसभाबाट स्वीकृत दररेट अनुसुची १ मा उल्लेख भएको लागु हुनेछ ।

## अनूसुची -१
### (बुदाँ नं. १० को १ सँग सम्बन्धित)
### एम्बुलेन्स सेवा प्रयोग गरे वापतको दररेट

| क.सं | एम्बुलेन्स सेवा | गाउँपालिका क्षेत्र भित्र (प्रति किलोमिटर) रू | गाउँपालिका क्षेत्र बाहीर(प्रति किलोमिटर) रू | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत